सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडा

माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

आदेश

रिट नं. ०७५-WO-०७००

मुद्दाः उत्प्रेषण समेत ।

काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ५ बस्ने अधिवक्ता दिपक बिक्रम मिश्र ........................................................................... १ — निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौं ......................... १

प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौं ......... १

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं ........... १

मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं ......... १

सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं ......... १

मालपोत कार्यालय चावहिल, काठमाडौं ......................................... १

भूमिसुधार व्यवस्थापन तथा अभिलेख विभाग, काठमाडौं ............... १

पशुपति क्षेत्र विकास कोष बनकाली, काठमाडौं .............................. १

पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालय भवन, रामशाहपथ, काठमाडौं ......... १

सडक विभाग, चाकुपाट, ललितपुर ................................................ १

मन्त्री, वन तथा वातावरण मन्त्रालय, काठमाडौं ............................ १

सचिव, वन तथा वातावरण मन्त्रालय, काठमाडौं ..................... १

वन विभाग, बबरमहल, काठमाडौं ................................................ १

वातावरण विभाग, कुपण्डोल, ललितपुर ....................................... १

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाडौं ......................... १

काठमाडौं महानगरपालिका, बागदरबार, काठमाडौं ......................... १ — प्रत्यर्थी

नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यस प्रकार छः

**तथ्यगत व्यहोराः**

१. हाम्रो देश सास्कृतिक एवं धार्मिक रुपमा पवित्र छ। ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक स्मारक, सम्पदा तथा धरोहरहरुमा आम नागरिकको भावनात्मक सम्बन्ध गाँसिएर अटुट आस्था रहेको हुन्छ। विश्वले प्राचीन तथा सांस्कृतिक सम्पदाहरुको बहुमूल्यता बुझेर नै सन् १९७२ मा विश्व सम्पदा सम्बन्धी महासन्धि पारित गरेको देखिन्छ। विश्व सम्पदा सम्बन्धी महासन्धि पारित भइसकेपछि संयुक्त राष्ट्रसंघले युनेस्कोको सहयोगमा विश्वभरका प्राकृतिक, सांस्कृतिक भौतिक एवं मूर्त सम्पदाको संरक्षणमा महत्वपूर्ण सहयोग पुगेको छ। काठमाडौं उपत्यकामा रहेका विश्व सम्पदा अन्तर्गत सूचीकृत महत्वपूर्ण प्राचीन स्मारक पाशुपत क्षेत्रको गरीमा अवमूल्यन हुने गरी वातावरणीय एवं पर्यावरणीय रुपमा असर पर्ने गरी मृगस्थली श्लेषमान्तक वन क्षेत्रमा बाटो खन्ने, खनिएको बाटोमा यत्रतत्र फोहोर फाल्ने तथा जथाभावी खन्ने खोस्रने गर्नाले प्राचीन स्मारक, मठ-मन्दिरहरुको मौलिकतामा ह्रास आएको छ। तिलगंगा चोकदेखि सिधै उत्तरतर्फ सैनिक ईलाका हुँदै गोठाटार मूलपानी जोड्ने गरी पवित्र तीर्थस्थल गुहेश्वरी मन्दिर नजिकैबाट सम्पदा मास्ने गरी सडक बनाउने काम भएको छ। सो सडकमा ठूला सवारी साधनहरु आवतजावत हुने गरेकाले विश्व सम्पदा सूचीमा सूचीकृत आराध्यदेव पशुपतिनाथ रहेको पाशुपत क्षेत्र, गुहेश्वरी मन्दिर र श्लेषमान्तक वन क्षेत्रको वातावरणीय एवं पर्यावरणीय सन्तुलन नासिदै मासिदै गइरहेका छन्। पाशुपत क्षेत्रमा जथाभावी शव गाड्न दिनाले यसको पुरातात्विक महत्वको क्षय भएको छ। पर्यावरणीय र वातावरणीय रुपमा कुनै लेखाजोखा नगरी पुरातात्विक महत्वको ख्याल नगरी यत्रतत्र बाटो खोली सडक बनाइएकाले यसको पुरातात्विक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक र वातावरणीय महत्व तथा सौन्दर्य नष्ट गर्ने काम प्रत्यर्थीबाट भएको छ।

२. २०७२ वैशाख १२ मा गएको विनाशकारी भूकम्पबाट पाशुपत क्षेत्रका विश्वरुप मन्दिर, गोरखनाथ क्षेत्रका मन्दिर, शिवालय, गुह्येश्वरी वरिपरिका पाटी पौवा,

धर्मशाला, बज्रघर, पञ्चदेवल पूर्वको चार शिवालय लगायतको कैयौं शिवालय मन्दिरहरु, गौरीघाटमा रहेका मठ-मन्दिर, पाटी पौवाहरु भत्किएका छन्। कुनै समयमा सौम्य र शान्त श्री पशुपतिनाथको मन्दिर, प्राङ्गण परिसर र क्षेत्र सबैमा भौतिक संरचना निर्माण गरी अतिक्रमण गर्ने, पशुपतिनाथको सम्पत्ति मास्ने काम गरिएको छ। सम्पदा संरक्षण गरिनुपर्नेमा तिलगंगा र ताम्रगंगा क्षेत्रमा सडक निर्माण र मानव समाधिस्थलको रुपमा क्षेषमान्तक बनको प्रयोग गरिदा धार्मिक सांस्कृतिक रुपले पावन पशुपतिक्षेत्रको पुरातात्विक, प्राकृतिक, वातावरणीय एवं पर्यावरणीय पक्षहरुमा ह्रास ल्याएको छ। मृगस्थली क्षेषमान्तक वन क्षेत्रको भू-बनोट कमजोर रहेको छ। यस क्षेत्रको पश्चिम, दक्षिणतर्फ यत्रतत्र मानव समाधिस्थल बनाउनाले पुरातात्विक मूल्य मान्यतासँग सम्बन्धित प्रचलित ऐन कानूनको उल्लघन भएको छ। सिमेन्ट, कंक्रिट जस्ता वस्तु प्रयोग गरी पुरातात्विक मापदण्ड मूल्य र मान्यता विपरीत स्मारक बनाई मानव समाधिस्थलको रुपमा प्रयोग गरिनाले हाल सो क्षेत्रलाई ऐतिहासिक पुरातात्विक क्षेत्र भन्न नसकिने अवस्था देखिन्छ।

३. स्थापत्य कलाका दृष्टिले अत्यन्त महत्वपूर्ण पूर्वीय सभ्यताको केन्द्रविन्दुको रुपमा रहेको आराध्यदेव श्री पशुपतिनाथको मन्दिरले नेपालको ख्यातिलाई विश्व सामु बढाएको छ। सुप्रसिद्ध नेपाल शहरमा सबै कामनाको फल दिने पशुपती ज्योतिर्लिङ्ग जुन छ सो केदारनाथको शिरोभाग हो भनी सूतजीले शौनकादी ऋषिहरुलाई बताउनु भएको मानिन्छ। नेपाल ठूलो पीठ हो, सबै क्षेत्रमा उत्तम क्षेत्र हो। नेपाल क्षेत्रमा अति प्राचीनकालदेखि नै सुप्रसिद्ध पवित्र नदी बागमतीको किनारमा अति मनोहर क्षेषमान्तक वन स्थित छ। यसबाट पनि पाशुपत क्षेत्रको गरीमा र महत्वलाई बुझ्न टेवा दिन्छ। पाशुपतक्षेत्रमा केही समय अगाडिसम्म पवित्र कुण्डहरु, हरियाली क्षेत्र सहित प्राकृतिक रुपमा सुन्दर र लोभलाग्दा रमणीय क्षेत्रहरु रहेको थियो। हाल सो क्षेत्रको मौलिकता गुम्दै गुमाउँदै गइरहेको जो कोही पाशुपत क्षेत्रमा पुग्नेले अनुमान गर्न सक्छ। क्षेपमान्तक वनक्षेत्र र मृगस्थली वनक्षेत्रमा कंक्रिटयुक्त मानव समाधिस्थल चिहान बनाउन दिनाले समेत पाशुपत क्षेत्रको मौलिकतामा ह्रास आइरहेको छ। उक्त पवित्र

क्षेत्रमा कुनै पनि किसिमको समाधिस्थल बनाउन दिनु हुँदैन; उक्त क्षेत्रमा पुरातात्विक तवरले उत्खनन् गर्ने कार्य बाहेक जथाभावी खन्न खोस्रन, भौतिक संरचना निर्माण गर्न दिनु हुँदैन। त्यस प्रकारका कार्य नेपालको संविधान, प्राचीन स्मारक संरक्षण ऐन, २०१३, वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४, United Nations convention for the protection of the world cultural and Natural Heritage १९७२) समेत विपरीत छ।

४. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ६ मा आराध्येदेव श्री पशुपतिनाथको पशुपति क्षेत्र हिन्दु मात्रको उपासना केन्द्र र सनातन तीर्थस्थलका रुपमा रहि आएकोले यस पशुपति क्षेत्रलाई सोही बमोजिम कायम गर्ने, श्री पशुपतिनाथको आदर्श गरिमा एवं महत्व अनुरुप पशुपति क्षेत्रको योजनाबद्ध रुपमा सुरक्षा, सम्भार तथा विकास गर्ने, पशुपति क्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तु वा स्थलहरु, श्री पशुपतिनाथको चल अचल श्रीसम्पत्ति तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा सम्बर्द्धन गर्ने, श्री पशुपतिनाथ मन्दिर लगायत पशुपति क्षेत्रभित्र रहेका राज़गुठी अन्तर्गतका सबै देव देवीको मन्दिरहरुमा परम्परागत धार्मिक रीतिस्थिति बमोजिम पूजाआजा, साँस्कृतिक चाडपर्व तथा सामाजिक र लोक कल्याणकारी कार्य सञ्चालनको व्यवस्था मिलाउने, स्वदेश तथा विदेशका तमाम हिन्दु धर्मावलम्बीहरु तथा पर्यटक समेतको सुविधाको लागि यस पावन तीर्थस्थललाई यथोचित रुपमा योजनाबद्ध रुपले सुधार गरी अन्तर्राष्ट्रिय तीर्थस्थलको रुपमा विकास गर्ने र यस ऐन बमोजिमको उद्देश्य अनुरुप अन्य कार्यहरु सुव्यवस्थित रुपले गर्ने भन्ने उल्लेख भएको छ।, यसरी कानूनी रुपमा घोषित उद्देश्य अनुसार कार्य भएको देखिदैन।

५. ऐतिहासिक, धार्मिक एवं पुरातात्त्विक महत्वका सम्पदाहरुको संरक्षण गर्न अनधिकृत रुपमा सडक निर्माण गर्ने कार्य बन्द गरिनु पर्दछ। जथाभावी फोहोर फाल्न नदिई वातावरण संरक्षण गर्न पहलकदमी आवश्यक छ। ऐतिहासिक महत्वका वस्तुको संरक्षण गर्नु एउटा गौरवपूर्ण विषय पनि हो। सरकारले नै जग्गाको लेनदेन गराउने, बिक्री वितरण गर्ने, भाडामा दिने जस्ता कार्य गरी

पुरातात्विक महत्वका स्थान, सम्पदा वा वस्तुको व्यापार गर्नु हुँदैन। सरकार सार्वजनिक सम्पदा वा सम्पत्तिको मालिक नभएर त्यसको न्यासधारी संरक्षक हो। यो दायित्व पूरा गर्ने कुरामा कुनै कमी कमजोरी रहन दिनु हुदैन भनी सर्वोच्च अदालतबाट नजिरहरु समेत स्थापित भएका छन्। सम्पदाहरुको संरक्षण गर्नु सबैको कर्तव्य हो। सम्पदा भावी सन्ततीहरुका लागि पनि संरक्षण गर्नुपर्ने हुन्छ। सडक, बाटो सामान्य मर्मत गर्नु परेको अवस्थामा पनि सम्बन्धित निकायहरु बीच समन्वय कायम गरी प्राचीन स्मारक संरक्षण ऐन, २०१३, वातावरण संरक्षण ऐन, २०५३ समेतमा भएको वातावरण प्रभाव मूल्याङ्कन (Environment Impact Assessment - EIA) सम्बन्धी व्यवस्थाको पालना गरिनु पर्ने हुन्छ। तर प्रत्यर्थीहरुबाट सो बमोजिम कार्य भएको छैन। तसर्थ, निम्नानुसारको रिट आदेश जारी गरिपाउँ भन्ने व्यहोराको रिट निवेदनः

क. ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक र पर्यावरणीय क्षेत्रमा जथाभावी मौलिकता नासिने मासिने गरी भौतिक संरचना निर्माण गर्ने, सो क्षेत्रमा सडक बनाउने, विस्तार गर्ने, यत्रतत्र फोहोर फाल्ने जस्ता कार्य नगर्नु नगराउनु; सो क्षेत्रमा भइरहेको कानून विपरीतका जथाभावी भौतिक संरचना निर्माण कार्य रोक्नु रोकाउनु भनी परमादेश जारी गरी पाऊँ।

ख. पाशुपत क्षेत्र जस्तो ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक र पर्यावरणीय क्षेत्रमा कुनै पनि कार्य गर्दा यसको गुरुयोजना भन्दा बाहिर गएर जथाभावी भौतिक संरचना, बाटोघाटो निर्माण नगर्नु नगराउनु; पाशुपत क्षेत्रको गुरुयोजनामा संशोधन गर्नु पर्ने भएमा सरोकारवालाहरु, सम्पदा संरक्षणमा लागेका नागरिकहरुको समेत सुझाव संकलन गरी विज्ञहरुको समूह बनाई विज्ञहरुको राय बमोजिम गुरु-योजनामा नै समावेश गरी भौतिक संरचना निर्माण गर्नु गराउनु भनी परमादेश जारी गरी पाऊँ।

ग. नेपालले विश्व सम्पदा सम्बन्धी महासन्धीलाई सन् १९७८ मा अनुमोदन गरेको, युनेस्कोले १९७९ मा काठमाडौं उपत्यकामा रहेका ७ वटा क्षेत्र र भगवान बुद्धको जन्मस्थल लुम्बिनी समेत गरी ८ वटा स्मारकहरु विश्व सम्पदाको रुपमा सूचीकृत गरेको छ। यसमध्ये आराध्यदेव पशुपतिनाथ

क्षेत्रमा रहेका बनकाली, गुहेश्वरी, श्लेषमान्तक लगायतका क्षेत्र पनि विश्व सम्पदा सूचीमा परेको हुँदा पशुपात क्षेत्रको गुरुयोजना परिमार्जन गर्दा आवश्यकतानुसार राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय रुपमा ख्यातिप्राप्त विज्ञहरुको सुझाव लिई गुरुयोजना परिमार्जन गर्नु; भगवान पशुपतिनाथको चल अचल सम्पत्तिको सुरक्षा र मानव कल्याण एवं शैक्षिक उन्नयनको लागि खर्च गरी पूर्वीय सभ्यताको विकास, विस्तार र प्राचीनतम वेद, संस्कृत शिक्षाको श्रीवृद्धिमा खर्च गर्नु; पाशुपत क्षेत्रमा रहेका मठ मन्दिर, पशुपतिनाथ मन्दिरको नाममा रहेको जग्गा जमिन, चल अचल सम्पत्तिको संरक्षण गर्नु; पाशुपत क्षेत्र साविकमा बौद्धनाथ क्षेत्रसम्म रहेको हुँदा पाशुपत क्षेत्रको विस्तार गर्ने तर्फ पहल गर्नु; पाशुपत क्षेत्रमा रहेका सम्पदाहरुलाई जस्ताको तस्तै रुपमा पुनस्थापना गर्नु; पशुपतिनाथको नाममा रहेको खाली जग्गाहरुमा जथाभावी भौतिक संरचना निर्माण गर्न नदिनु; जथाभावी जग्गा जमिन बिक्री नगर्नू; पशुपतिनाथको जग्गामा व्यवस्थित रुपमा पार्क निर्माण गरी दैवी प्रकोपको समयमा नागरिकहरुलाई आश्रय लिन मिल्ने गरी खुला क्षेत्रको रुपमा व्यवस्थित गर्नु भनी परमादेश, प्रतिषेध लगायतका आदेश जारी गरी पाउँ।

घ. सम्पूर्ण पाशुपत क्षेत्र विश्व सम्पदा हो। केही वर्षअघिसम्म उक्त क्षेत्रमा हरियाली र प्राकृतिक रुपमा लोभलाग्दा पानी घाटहरु, कुवा, पंक्षीहरुको रमणीयस्थल थियो। उक्त क्षेत्रबाट कुण्ड, वन जंगल, बृक्ष एवं पशुपंक्षीहरु लोप हुँदै गइराखेका छन्। पशुपति क्षेत्रमा निर्माण गरिएको केही कंक्रिटयुक्त भौतिक संरचनाले सम्पदा क्षेत्रलाई कुरुप, आकर्षणविहीन बनाइरहेको छ। पशुपति विकास कोषले तिलगंगा ताम्रगंगा सडक बन्द गर्न र सो सडकले निम्त्याएको भूक्षय रोक्न कुनै कार्य गरेको देखिदैन। युनेस्को टोलीले उक्त सडक नबनाउन सुझाव दिएकोमा पशुपति क्षेत्र विकास कोषले यसलाई पनि गम्भीरतापूर्वक लिएको देखिदैन। करीब एक दशक अघि सम्पदा प्रेमीहरु तथा युनेस्कोले विरोध गर्दागर्दै पनि अटेर गरी खोलिएको उक्त सडकमा ठूला सवारी साधनहरु गुड्नाले सम्पदाको वनक्षेत्र नासिदै गएको छ। सडकले गुहेश्वरी मन्दिरलाई समेत असर गरिरहेको छ। श्लेषमान्तक वनक्षेत्रको

बीचबाट खोलिएको सडक बन्द गरिनु पर्दछ। सर्वोच्च अदालतले श्लेषमान्तक वन क्षेत्रको संरक्षणका लागि उक्त सडक बन्द गर्नु पर्ने सो सम्बन्धमा ने.का.प. २०७४ अक ७ नि.नं. ९८४९ पृ. १२९१ मा निर्देशनात्मक आदेश भएको छ। उक्त आदेशको पूर्ण कार्यान्वयन गरिएको छैन। मिति २०७२ साल बैशाख १२ गते गएको भूकम्पपछि पुरातात्विक महत्वका सांस्कृतिक सम्पदाका साथै स्थापत्य कलाका दृष्टिले महत्वपूर्ण काठमाडौं उपत्यकाका पुराना मठ, मन्दिर, पोखरी, घाटहरूलाई आधुनिक बनाउने नाममा मासेर सिमेन्ट र कंक्रिटयुक्त बनाउने काम विपक्षीहरुबाट भएको छ। पाशुपत क्षेत्रको संरक्षणको सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेश र सम्पदा संरक्षण सम्बन्धी ऐन, कानूनको मापदण्ड विपरीत कंक्रिट प्रयोग गर्ने, सम्पदाको अस्तित्वमै अतिक्रमण गर्नेहरूलाई कानूनबमोजिम दण्ड जरिवाना हुनुपर्ने देखिन्छ। पाशुपत क्षेत्रमा बाटो खन्ने, मानव समाधिस्थल निर्माण गर्ने, जथाभावी फोहोर फाल्ने कार्य रोक्नु भन्ने आदेश जारी गरी पाउँ। अब उप्रान्त सम्पदा सम्वन्धी कानून र मापदण्ड बमोजिम संरक्षण, सम्बर्द्धन कार्य गर्नु तथा पशुपतिनाथको नाममा रहेको जग्गा जमिनको संरक्षण गर्नु भनी परमादेश जारी गरी पाउँ।

६. निवेदकहरू मध्ये प्रकाशमणी शर्मा जनहित संरक्षण मञ्चमा आवद्ध रही सरोकारवाला निकायहरूलाई उत्तरदायी बनाउनका लागि सार्वजनिक सरोकारको बिवादको विषय उठाउदै आएको, निवेदक संजय अधिकारी जनहित संरक्षण मञ्चमा कार्यरत रही सम्पदा संरक्षण अभियन्ताको रूपमा काम गरिआएको र निवेदक गणपतिलाल श्रेष्ठ सम्पदा संरक्षणमा स्वतन्त्ररूपमा काम गरिआएकोले हामी मुद्दाको सरोकारवाला पक्ष हुन आएकोले प्रस्तुत निवेदनको सुनुवाईमा सरिक हुन पाउँ भन्ने व्यहोराको निवेदन परेको। तदनुसार सुनुवाईमा संलग्न हुन पाउने गरी यस अदालताट मिति २०७५।१०।२३ मा अनुमती प्रदान भएको।

७. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए सो समेत साथै राखी आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र

लिखित जवाफ पेश गर्नु भनी आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि पेश गर्नू। अन्तरिम आदेश सम्वन्धमा छलफलका लागि मिति २०७५।१०।२३ गते पेश गर्नु। सो अवधिसम्म कानून तथा मापदण्ड विपरीत कार्य नगर्नू नगराउनू भनी अन्तरकालीन आदेश जारी गरिएको छ भन्ने यस अदालतको मिति २०७५।१०।१६ को आदेश।

८. पशुपति क्षेत्रको फोहोरमैलाको व्यवस्थापन सम्वन्धी कार्य पशुपति क्षेत्र विकास कोषको हो। रिट निवेदनमा उठाईएका र माग भएका अन्य विषयवस्तु यस विभागको कार्यक्षेत्रमा नपर्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने प्रत्यर्थी वन तथा वातावरण मन्त्रालय, वातावरण विभागको लिखित जवाफ।

९. विश्व सम्पदा सूचीमा सूचीकृत रहेका नेपालका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक एवं प्राचीन महत्वका क्षेत्रभित्र रहेका सार्वजनिक/सरकारी सम्पत्ति तथा सम्पदाहरुको संरक्षण, विकास एवं सम्वर्द्धन गर्ने कार्य तोकिएका निकाय/संस्थाबाट हुने गरेको र पाशुपत क्षेत्रभित्रको सम्पूर्ण व्यवस्थापन, संचालन तथा संरक्षण पशुपति क्षेत्र विकास कोषले गर्ने हो। २०७२ सालमा गएको विनाशकारी महाभूकम्पबाट क्षतविक्षत भएका सम्पदाहरुलाई संरक्षित गर्दै पुनर्निर्माण गर्ने काम क्रमिकरुपमा जिम्मेवारीप्राप्त निकायबाट अगाडि बढाइने छ भन्ने भूमिसुधार तथा व्यवस्थापन विभागको लिखित जवाफ।

१०. पशुपति क्षेत्र विश्व सम्पदा (**World Heritage**) मा सूचीकृत धार्मिक, सांस्कृतिक तथा वातावरणीय हिसाबले अत्यन्त महत्वपूर्ण क्षेत्र रहेको, हाल उक्त क्षेत्रमा गुरु योजना अन्तर्गत भैरहेको विकास र विस्तारको कार्य तथा भुकम्पपछि पुनर्निर्माणको कार्य प्राचीन स्मारक संरक्षण ऐन, २०१३, वातावरण संरक्षण ऐन, २०५३, भूकम्पले क्षति पुर्याएको सम्पदाहरुको संरक्षण एवं पुनर्निर्माण सम्बन्धी मापदण्ड, २०७२ र म्यानुअल २०७३ तथा संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं निर्माण सम्बन्धी मापदण्ड २०६४, विश्व सम्पदा सम्बन्धी महासन्धी, १९७२ ले किटान गरेको मापदण्ड तथा ने.का.प. २०७०, अंक १२, नि.नं. ९०९० (अधिवक्ता दिपक विक्रम मिश्र समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरीषदको

कार्यालय समेत) र ने.का.प. २०७४, अंक ७, नि.नं. ९८४९ (अधिवक्ता तुलसी सिमखडा विरुद्ध नेपाल सरकार समेत) को मुद्दामा सर्वोच्च अदालतबाट जारी भएको परमादेश समेत प्रतिकूल हुने गरी निर्माण भैरहेको, यसले सनातनदेखि चलिआएको धार्मिक आस्था, प्राचीन सम्पदाको संरक्षण, पुरातात्विक र वातावरणमा समेत असर पुग्न गएको भन्ने गम्भीर प्रश्न निवेदकहरुले उठाउनु भएको, र माग बमोजिम अन्तरिम आदेश जारी नगर्दा विश्व सम्पदाको मौलिक संरक्षणमा नै असर पर्ने हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तिम सुनुवाई नभएसम्म मिति २०७५।१०।१६ मा यस अदालतबाट भएको अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ" भन्ने यस अदालतको मिति २०७५।१०।२३ को आदेश।

११. पशुपति क्षेत्र विकास कोषको स्थापना नै पशुपति क्षेत्रको संरक्षण सम्बर्धन गर्दै विकास र विस्तारका लागि भएको हो। पशुपति क्षेत्रमा रहेका मठ मन्दिर तथा पशुपतिनाथ मन्दिरका नाममा रहेका जग्गा जमिनको अभिलेख पशुपति क्षेत्र विकास कोषसँग रहन्छ। यस कार्यालयको कार्यक्षेत्रभित्र रहेको पाशुपात क्षेत्रका मठ मन्दिरका नामको तथा पशुपतिनाथ मन्दिरका नाममा रहेका जग्गाको स्रेस्ता मालपोत कार्यालयले राख्ने गरेको छ। पशुपति क्षेत्र विकास कोषले कानून बमोजिम निर्णय गरी पठाएका पशुपतिनाथका नाममा रहेका जग्गाको सम्बन्धमा यस कार्यालयले कार्यान्वयन गर्ने गरेको छ। मालपोत ऐन, २०३४, मालपोत नियमावली, २०३६, जग्गा प्रशासन निर्देशिका, २०५८, जग्गा प्रशासन कार्यविधि, २०६२, विभिन्न समयमा नेपाल सरकारबाट भएका निर्देशन निर्णयहरु, भूमि व्यवस्था तथा अभिलेख विभाग तथा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट भएका परिपत्र निर्देशनहरु र अदालतबाट भएका आदेश फैसलाहरु समेतको पालना गर्दै यस कार्यालयको कार्यक्षेत्रभित्र रहेका सरकारी/सार्वजनिक मठ मन्दिर लगायत व्यक्ति विशेषका नाममा रहेको जग्गा जमिनहरुको समेत कानूनसम्मत रुपमा स्रेस्ता अभिलेख राख्ने गरेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने मालपोत कार्यालय चाबहिल, काठमाडौंको लिखित जवाफ।

१२. यस प्राधिकरणबाट पशुपति क्षेत्र विकास कोष क्षेत्रभित्र पर्ने प्राचीन सम्पदा पुनर्निर्माणको लागि आवश्यक पर्ने बजेट निकासा गर्ने कार्य भएको, तर पुनर्निर्माण गर्ने जिम्मेवारी पशुपति क्षेत्र विकास कोषको हो। कोषको क्षेत्रभित्र पर्ने सम्पदाहरुको पुनर्निर्माणको कार्य भईरहकोमा हालसम्म १८ बटा सम्पदाहरुको पुनर्निर्माण सम्पन्न भैसकेको र अन्य बाँकी सम्पदाहरुको पुनर्निर्माणको कार्य भइरहेको भन्ने प्रतिवेदनबाट देखिएको छ। पुरातात्विक सम्पदाहरुको पुनर्निर्माण गर्दा सो सम्बन्धी प्रचलित प्राचीन स्मारक संरक्षण ऐन, २०१३ तथा वातावरण संरक्षण ऐन, २०५३ को परिधिभित्र रहेर नै गर्नु पर्ने विषयमा प्राधिकरण सँधै सजग रहेको छ। यस प्राधिकरणको निर्णय एवं कारवाहीबाट रिट निवेदकको हक अधिकार हनन् हुन गएको कुरा निवेदनमा स्पष्ट उल्लेख गर्न सकेको देखिदैन। निवेदकको संवैधानिक एवं कानूनी हक अधिकार हनन् हुने गरी यस प्राधिकरणबाट कुनै निर्णय नभएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको लिखित जवाफ।

१३. यस विभागको काम कारवाहीबाट निवेदक लगायत सर्वसाधारण जनताको हक हितमा आघात पुग्न गएको कुरा स्पष्ट पार्न सक्नु भएको छैन। गुहेश्वरी मन्दिर नजिकैबाट सम्पदा मास्ने गरी सडक बनाएको भनिएपनि त्यो सडक धेरै पहिलादेखि चलिआएको चल्तीको सडक हो। सम्पदामा क्षति पुगेको एवं पुर्याउने उद्देश्य समेत यस विभागको रहेको छैन। विश्व सम्पदा सूचीमा सूचीकृत पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण सम्वर्धनको विषयमा यस विभागको काम कारवाहीबाट आघात पुग्न गएको कुरा स्पष्ट उल्लेख गर्न नसकी गोश्वारारुपमा दावी लिएको छ। रिट निवेदन खारेज गरी पाउँ भन्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागको लिखित जवाफ।

१४. २०७२ साल बैशाख १२ गते गएको महाविनाशकारी भूकम्पबाट पाशुपत क्षेत्र भित्रका क्षतिग्रस्त ऐतिहासिक एवं पुरातात्विक सम्पदा र संरचनाहरुको पुनर्निर्माण तथा मर्मतका क्रममा हालसम्म १८ वटा सम्पदाहरुको पुनर्निर्माण कार्य सम्पन्न भईसकेको र १२ वटा सम्पदाहरुको पुनर्निर्माण भइरहेको छ। क्षति पुग्न गएका बाँकी सम्पदाहरुको समेत पुनर्निर्माणको कार्य आ.व. २०७७/०७८ सम्म सम्पन्न

गर्ने लक्ष्यका साथ कोषको कार्यालयबाट घनिभुतरुपमा सम्बन्धित निकायहरुको सहयोग र सहकार्यमा प्रचलित प्राचीन स्मारक संरक्षण ऐन, २०१३, वातावरण संरक्षण ऐन, २०५३, ऐ. नियमावली, २०५४, वन ऐन, २०५३, फोहरमैला व्यवस्थापन ऐन, २०६८ एवं सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुरुप पुरातात्विक मापदण्ड र मूल्य मान्यता विपरीत नहुने गरी मर्मत सम्भारको कार्य भइरहेको छ। पुनर्निर्माणका लागि पुनर्निर्माण प्राधिकरणका दक्ष आर्किटेक्ट इन्जिनियरहरु समेतको सहयोग लिई पुनर्निर्माण गरिने सम्पदाहरुको ऐतिहासिकता नमेटिने गरी साविकमा जहाँ जस्तो स्वरुप र मौलिक आकृतिमा थिए, सोही रुपमा पुनर्निर्माण गर्ने गरी नक्साङ्कन र सम्पदाहरुको नाप नक्सा ड्रोइङ डिजाइन तयार गरिएको छ। पाशुपत क्षेत्रको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका स्मारकहरुको पुनर्निर्माण गर्दा पशुपतिनाथको सम्पत्तिमा हानी नोक्सानी क्षति पुर्‍याउन नभई दिगो संरक्षणका लागि मात्र साविक स्वरुपलाई यथावत काम गर्ने गरी पुरातत्व विभागबाट सहमती लिई यस क्षेत्रका सत्तल पाटी पौवाहरुको पुनर्निर्माण हुँदै आएको छ।

पशुपति क्षेत्र विकास कोष ऐनको उद्देश्य अनुरुप साविकमा पशुपतिनाथ क्षेत्रमा रहेका विभिन्न देवदेवीका मन्दिरहरुमा खण्डित भएर गरिने पुजा आजा पनि कोषले नियमित रुपमा गर्दै आएको छ। यस क्षेत्रको योजनावद्ध विकासका लागि अन्तर्राष्ट्रियरुपमा प्रख्यात काइ वाइजे र रविन कनिङघम लगायतका विज्ञहरु सहितको भेला गराई पशुपति क्षेत्रको भू-उपयोग सहितको वृहद् गुरुयोजना तयार गर्ने कार्य तदारुकताका साथ गरिदैं आएको छ। तीर्थयात्री एवं भक्तजन तथा पर्यटकहरुको सुविधाका लागि आवश्यक विभिन्न भौतिक सुविधाका कार्यहरु समेत योजनावद्ध रुपमा गरिदै आएको छ। पशुपतिनाथ क्षेत्रमा पहिले रहेका भनिएका पवित्र कुण्डहरु पशुपति क्षेत्र विकास कोषको स्थापना हुनु अगावै मासिएका हराएका हुँदा कस्ले कुन समयमा मास्ने कामहरु भयो उक्त विषय अध्ययन र अनुसन्धानको विषय हो। मृगस्थली क्षेत्र परम्परादेखि नै दशनामी सन्यासीहरुले समाधिस्थलका रुपमा प्रयोग गर्दै आइरहेको क्षेत्र हो। कोषले कुनैपनि कंक्रिटयुक्त समाधिस्थल बनाउन कोही कसैलाई अनुमती दिएको छैन। पशुपति

क्षेत्र विकास कोषले राष्ट्रिय महत्व कायम राखे धार्मिक र सांस्कृतिक संवेदनशीलताका साथ यथोचितरुपमा पुनर्निर्माणको काम सम्पन्न गर्दै आएको छ।

तिलगंगा चोकदेखि उत्तरतर्फ गोठाटार मूलपानी जोड्ने बाटो पशुपति क्षेत्र विकास कोषबाट निर्माण गरेको सडक नभई तत्कालीन राज्य व्यवस्थाको परिवर्तनसँगै केही व्यक्तिहरुको पहलमा सडक बिभागबाट निर्माण भएको सडक हो। उक्त सडक निर्माणको आवश्यकता कोषले नदेखेकै हुँदा सडक बन्द गर्ने उद्देश्य र सम्मानित अदालतको आदेश बमोजिम उक्त बाटो बन्द गर्ने योजना अनुरुप प्रकृयामा रहेको छ। आराध्यदेव भगवान श्रीपशुपतिनाथ विराजित पाशुपत क्षेत्रका बाटा-घाटामा परम्परागत तवरबाट त्यहाँको मौलिकता नगुम्ने गरी निर्माण सम्पन्न हुँदा सादृश्यता कायम हुने गरी भक्तजन, तीर्थयात्री र पर्यटकहरुलाई सहज आवागमन हुन सक्ने किसिमले पदयात्रीहरुको सुविधा र सुरक्षाका दृष्टिले समेत दीर्घकालसम्म सुरक्षित रहोस भन्ने पवित्र उद्देश्य लिई उक्त क्षेत्रका बाटाहरुमा ढुंगा छापी स्तरोन्नति गर्ने काम मात्र गरिएको हो। ऐतिहासिक, पौराणिक तथा धार्मिक स्थलमा पर्ने परम्परागत रुपमा सतविज छर्ने मार्ग र गोरखनाथ क्षेत्रबाट विश्वरुप मन्दिर जाने प्रमुख मार्गको रुपमा रहेको सो मार्गको स्तरोन्नति मात्र गरिएको हो। ऐतिहासिक बनक्षेत्रमा विगत लामो समयदेखि भई रहेको भू-क्षय रोक्ने कामका लागि खनिएको भनिएको कुलो कोषको कार्यालयबाट खनेको बाटो नभई अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट खनिएको हो। सो क्षेत्रको भू-संरक्षण रोक्ने कार्यका लागि अध्ययन गर्न कोषबाट परामर्शदाता छनौट गर्नका लागि खरिद प्रकृया समेत अघि बढीसकेको छ।

पशुपति क्षेत्रको वनक्षेत्र संरक्षणका लागि विभिन्न क्षेत्रमा स्वयं र दाताहरुको प्रत्यक्ष सहयोगमा वृक्षारोपण गर्दै बनक्षेत्र संरक्षणको पहल भइरहेको छ। बृहद गुरु-योजनाको तयारीकै सिलसिलामा नेपाल सरकार, बनस्पती विभागबाट पाशुपत क्षेत्रका वन, वन्यजन्तु तथा वनस्पतिहरुको अध्ययन गरी तयार गरिएको प्रतिवेदन कोषलाई प्राप्त भएको छ र त्यसलाई गुरु योजनामा समावेश गर्ने लक्ष्य कोषको रहेको छ। पाशुपत क्षेत्रमा रहेका ऐतिहासिक मन्दिर, धारा, सत्तल, पोखरी आदिको संरक्षण तथा सम्वर्धन कार्य नियमित रुपमा गरिदै पशुपति क्षेत्रका

ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्वका सम्पदाहरुको जगेर्ना गर्न कोष क्रियाशील छ। पशुपति क्षेत्रभित्रको फोहोर संकलन गरी उचित व्यवस्थापन समेत कोष आफैले गर्दै आएको छ। प्राचीन स्मारक संरक्षण ऐन, २०५३, वातावरण संरक्षण ऐन, २०५३, ऐ. नियमावली, २०५४, वन ऐन, २०५३, फोहरमैला व्यवस्थापन ऐन, २०६८ एवं सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुरुप पुरातात्विक मापदण्ड र मूल्य मान्यता विपरीत नहुने गरी नियम र कानूनसम्मत तवरमा पुनर्निर्माण कार्य गर्न कोष कटिबद्ध रहदै आएको छ।

शैक्षिक उन्नयन तथा प्राचीनतम वेद, संस्कृत शिक्षाको श्रीवृद्धिका लागि कोषद्वारा नेपाल वेद विद्याश्रम संस्कृत माध्यमिक विद्यालय हालसम्म पनि संचालनमा रहेको छ। भगवान श्रीपशुपतिनाथको नाममा रहेका खाली जग्गाहरुमा जथाभावी भौतिक संरचनाहरु निर्माण गरेको नभई साविकमा भए गरेका मौलिक संरचनाको संरक्षण संबर्धनका लागि पुरानै स्वरुपमा परम्परागत निर्माण सामाग्री प्रयोग गरी सम्पदाहरु मात्र निर्माण गर्ने लक्ष्य कोषको रहेको छ। कोष कार्यालयले जग्गा जथाभावी बिक्री गरेको छैन। पशुपति क्षेत्रका विभिन्न स्थानमा भक्तजन तथा तीर्थयात्री र पर्यटकहरुको सुविधालाई मध्यनजर गरी तथा दैवी प्रकोपको समयमा नागरिकहरुले आश्रय लिन मिल्ने गरी विभिन्न खुला ठाउँहरु राख्ने कार्य गरिएको छ। कैलाश, वनकाली क्षेत्र, देवउद्यान, भण्डारखाल बगैंचा, हंशमण्डप, वनकाली उद्यान निर्माण गर्नुका साथै दैवी विपत्तिका लागि पशुपतिको कोर क्षेत्रलाई खाली ठाउँका रुपमा विकास गर्ने योजनाका साथ कोषले काम गरिरहेको छ भन्ने पशुपति क्षेत्र विकास कोषको लिखित जवाफ।

१५. आर्थिक विकास र वातावरण संरक्षण बीचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तु माथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक श्रोतको समूचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्न वातावरण संरक्षण ऐन, २०५३ र तत्सम्बन्धी नियमावली, २०५४ जारी भएको हो। वातावरण संरक्षण ऐन र

नियमावलीको प्रभावकारी कार्यान्वयन गरी वातावरण संरक्षण गर्न यस मन्त्रालय प्रतिवद्ध रहेको छ। रिट निवेदन दावी अनुसार यस मन्त्रालयबाट कुनै कार्य वा निर्णय भएको नहुँदा यस मन्त्रालयको हकमा दावी औचित्यपूर्ण देखिदैन भन्ने वन तथा वातावरण मन्त्रालय तथा मा. वन तथा वातावरण मन्त्रीको लिखित जवाफ।

१६. श्री पशुपतिनाथ क्षेत्रको सुरक्षा, सम्भार, र विकास गर्न बि.सं. २०४४ सालमा पशुपति क्षेत्र विकास कोष ऐन जारी भएको छ। ऐनको दफा ९ अनुसार गठित परिषदले दफा १० मा उल्लिखित कामका अलावा कोषको सम्पूर्ण काम कारबाहीको संचालन गर्दछ। प्रधानमन्त्री संरक्षक हुने उक्त कोषले यस ऐन र प्रचलित नेपाल कानून बमोजिम गरेको कामका सम्वन्धमा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कारण छैन। धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरुको मौलिकताको संरक्षण गर्दै त्यस्ता सम्पदाहरु भावी पुस्तालाई जस्ताको तस्तै हस्तान्तरण गर्नु हामी सबैको कर्तव्य हो। पशुपतिनाथको मन्दिर र पाशुपत क्षेत्रभित्रका ऐतिहासिक एवं पुरातात्विक सम्पदा र संरचनाहरुमा २०७२ सालमा गएको भूकम्पबाट क्षतिग्रस्त संरचनाहरु मध्ये हालसम्म १८ वटा सम्पदाहरुको पुनर्निर्माण कार्य सम्पन्न भईसकेको छ र १२ वटा सम्पदाहरुको पुनर्निर्माण भइरहेको छ। आ.व. २०७७/०७८ सम्म सबै कार्य सम्पन्न गर्ने लक्ष्यका साथ पशुपति क्षेत्र विकास कोषको कार्यालयबाट प्राचीन स्मारक संरक्षण ऐन, २०१३, वातावरण संरक्षण ऐन, २०५३, ऐ. नियमावली, २०५४, वन ऐन, २०५३, फोहरमैला व्यवस्थापन ऐन, २०६८ एवं सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुरुप पुरातात्विक मापदण्ड र मूल्य मान्यता अनुरूप नै सम्बन्धित निकायको समन्वय र सहकार्यमा मर्मत सम्भार कार्य भईरहेको छ। पुनर्निर्माण तथा मर्मत संभार जस्ता विषय प्राविधिक प्रकृतिको भएकोले प्राविधिक प्रकृयाको अवलम्बन गरी विज्ञको परामर्श बमोजिम नै कार्य गर्नुपर्ने हुन्छ। विज्ञहरुको राय परामर्श लिई तयार भएको पशुपति क्षेत्रको भू-उपयोग सहितको वृहद गुरु-योजना बमोजिम नै पुनर्निर्माण प्राधिकरणबाट थप विज्ञ सहितका दक्ष आर्किटेक्ट ईन्जिनियरहरु समेतको सहयोग लिई सम्पदाहरुको ऐतिहासिक मौलिकता नमेटिने गरी साविकमा जहाँ जस्तो

स्वरुप र आकृतिमा थिए. सोही स्वरूपमा पुनर्निर्माण गर्ने गरी नाप नक्सा ड्रोइङ डिजाइन तयार गरी पुनर्निर्माणको काम भैरहेको छ। त्रि.वि.वि. ईतिहास तथा संस्कृति विभागको अध्ययन प्रतिवेदनले पनि पाशुपत क्षेत्रका सम्पदाहरुको अभिलेखीकरण गरी नेपाल र नेपालीको गौरवशाली प्राचीन सभ्यतालाई जीवन्त राख्ने प्रयास भईरहेको छ भन्ने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लिखित जवाफ। सोही मिलान व्यहोराको मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको लिखित जवाफ।

१७. काठमाडौं महानगरपालिकाले आफ्नो श्रोत, साधन र जनशक्तिले भ्याएसम्म फोहोरमैला संकलन गरी डम्पिङ साइटमा पुर्‍याई विसर्जन गर्दै आएको छ। वडाका कतिपय स्थानमा वडा कार्यालयले समेत सरसफाईको कार्य गर्दै आएको छ। रिट निवेदकले कुन स्थानमा फोहोर भएको हो, सो ठ्याक्कै उल्लेख गर्न सक्नु भएको छैन। पशुपति क्षेत्रको कोर एरियामा पशुपति क्षेत्र विकास कोषले सरसफाई गर्ने गर्दछ। काठमाडौं महानगरपालिकाले नगरेको पुनःनिर्माणको कार्य र सरसफाई गर्दागर्दै विपक्षी बनाएको रिट निवेदन खारेज गरी पाउँ भन्ने काठमाडौं महानगरपालिकाको लिखित जवाफ।ः-

१८. नेपाल सरकार पुरातात्विक महत्वका सांस्कृतिक सम्पदा, ऐतिहासिक तथा धार्मिक स्थल तथा सो क्षेत्रको संरक्षण तथा सम्बर्द्धन गर्ने विषयमा कटिबद्ध रहेको छ। पुरातात्विक महत्वका सांस्कृतिक सम्पदाहरुको संरक्षण गर्न आवश्यक कानूनी र संस्थागत प्रवन्धको व्यवस्था समेत हुँदै आएको छ। प्राचीन स्मारकहरुको संरक्षण, पुरातात्विक वस्तुहरुको व्यापार र प्राचीन स्मारकहरु भएका ठाउँको उत्खननमा नियन्त्रण राखी प्राचीन स्मारकहरु र पुरातत्व सम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरुको उपलब्धी र संरक्षण समेत गरी शान्ति र व्यवस्था कायम राख्ने उद्देश्यले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ कार्यान्वयनमा रहेको छ। नेपालको संविधानको अनुसूची-५ को क्रमसंख्या ३४ मा पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारकको संरक्षण गर्ने संघको अधिकारको सूचीभित्र समावेश छ। संविधानको अनुसूची ८ को क्रमसंख्या २२ मा भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास स्थानीय तहको अधिकारक्षेत्र अन्तर्गत राखिएको

छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड (फ) को उपखण्ड (२) ले पुरातत्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, सम्बर्द्धन र विकास सम्बन्धी काम, कर्तव्य र अधिकार गाउँपालिका तथा नगरपालिकालाई प्रदान गरेको छ। ऐतिहासिक तथा पुरातात्विक सम्पदाको पुनर्निर्माण तथा प्रबलीकरण जस्ता कार्य प्राविधिक प्रकृतिको भएको र त्यस्तो कार्य सम्बन्धित निकायबाट सम्पादन हुने विषय भएकोले सो सम्बन्धमा के कस्तो विधि वा प्रकृया अवलम्बन गर्नु पर्ने हो भन्ने विषय रिट निवेदनको रोहबाट निरुपण हुने विषय होइन। वि.सं. २०७२ सालको भूकम्प र परकम्पनले देशका विभिन्न भागमा रहेका सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरुमा समेत अपूरणीय क्षति पुऱ्याएको थियो। भूकम्पको कारणबाट क्षतिग्रस्त संरचनाको यथाशीघ्र र दीगोरुपमा निर्माण गर्ने उद्देश्यले भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ जारी भई पुनर्निर्माणको काम भइरहेको छ। भूकम्पले क्षति पुर्‍याएका सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरुको पुनर्निर्माणलाई तदारुकता दिई ती सम्पदाहरुको मौलिकताको संरक्षण गर्नु देश र जनताको लागि अपरिहार्य छ। ऐतिहासिक तथा पुरातात्विक महत्वका स्मारकहरु संरक्षणको लागि कानूनी तथा संस्थागत प्रबन्ध भई तदनुरुप काम कारवाही समेत हुँदै आईरहेको छ। अदालतबाट कुनै आदेश जारी गरिरहन पर्ने अवस्था विद्यमान नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा सम्माननीय प्रधानमन्त्रीको एकै व्यहोरा मिलानको छुट्टाछुट्टै लिखित जवाफ।

१९. प्रत्यर्थीहरू मध्ये वन विभागले मिति २०७५१०।२० मा र पुरातत्व विभागले मिति २०७५।१०।२१ मा रितपूर्वक म्याद सूचना बुझी कानूनका म्यादभित्र लिखित जवाफ नफिराई म्याद गुजारी बसेको।

## यस अदालतको आदेशः

२०. नियमबमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत विवादमा निवेदक अधिवक्ता श्री दिपक विक्रम मिश्र, निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री मनोहर लामिछाने, डा. श्री पुण्यप्रसाद खतिवडा, श्री

हरिकृष्ण श्रेष्ठ, श्री सुरेन्द्र विक्रम के.सी., श्री उत्तमबहादुर श्रेष्ठले काठमाडौं उपत्यकाका सम्पदाहरु हाम्रा ऐतिहासिक धरोहर हुन्; ती सम्पदाको संरक्षण र संवर्धन सबै नेपालीको सार्वजनिक सरोकारको विषय हो; पाशुपत क्षेत्रका पुरातात्विक स्मारकहरु विश्व सम्पदाको रुपमा सूचीकृत भएका छन्; यहाँको प्राकृतिक सम्पदा, चाडपर्व, मूर्त, अमूर्त कला, जीवित संस्कृतिको विश्वमा छुट्टै पहिचान छ; यसलाई जीवित राख्नु पर्दछ; हाम्रो सभ्यता, संस्कृतिलाई अन्तर-पुस्ता हस्तान्तरण गर्नु पर्दछ; पशुपति क्षेत्रभित्रका ऐतिहासिक सम्पदाको मर्मत, संभार र पुनर्निर्माण गर्दा यसको मौलिक स्वरुप र शैली कायम राखिनु पर्दछ; पशुपतिको वनकाली श्लेषमान्तक वन क्षेत्र हिन्दुहरुको सदविज छर्ने पवित्र स्थल हो; सो स्थलको पैदल हिंड्ने बाटोमा कंक्रिटको प्रयोग गर्नु उचित होइन; तिलगङ्गा ताम्रगङ्गा हुँदै गोठाटार जाने मोटर बाटो निर्माण गरिएको कार्यले सम्पदामा गम्भीर असर परेको छ; मृगस्थली वन क्षेत्रमा मानव समाधिस्थलको कार्य गर्न दिनाले सो क्षेत्रमा वातावरणीय र पर्यावरणीय असर परेको छ; २०७२ सालको भूकम्पले पुरातात्विक, धार्मिक सम्पदाको रुपमा रहेको पाशुपत क्षेत्र समेत नराम्ररी प्रभावित भएकोमा क्षतिग्रस्त स्मारकहरुको पुनर्निर्माण भैसकेको छैन; गुहेश्वरीको सत्तल लगायत कतिपय पुनर्निर्माण कार्य पुरातात्विक मापदण्ड, मूल्य र मान्यता विपरीत गरिएको छ; त्यस्तो कार्य रोकी पुरातात्विक स्मारक तथा सम्पदाको संरक्षण हुने गरी रिट निवेदन माग बमोजिम आदेश जारी हुनु पर्दछ भनी बहस जिकिर गर्नुभयो।

२१. सरोकारवालाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री प्रकाशमणि शर्मा तथा विद्वान अधिवक्ता श्री संजय अधिकारीले पशुपति क्षेत्र प्राचीनकालदेखि नै विश्वभरका हिन्दु, बौद्ध, जैन, सिख आदिको आस्था र श्रद्धाको केन्द्रबिन्दु एवं पवित्र तीर्थस्थलको रुपमा प्रतिष्ठित छ; पशुपति क्षेत्रमा रहेका मृगस्थली क्षेत्र, श्लेषमान्तक वन, कुण्डहरु, स्मारक, सत्तल, लगायतका सम्पदा पाशुपत क्षेत्रको अभिन्न अंगको रुपमा रहेका छन्; तर अहिले त्यस्ता सम्पदाहरु नासिने-मासिने क्रममा रहेका छन्; नेपालको संविधान, प्राचीन स्मारक संरक्षण ऐन, २०१३, वातावरण संरक्षण ऐन, २०५३ विपरीत हुने गरी पशुपतिक्षेत्र विकास कोषले

पशुपति क्षेत्रको पुरातात्विक, ऐतिहासिक तथा धार्मिक वन क्षेत्रमा कंक्रिटको प्रयोग गरेको छ; सम्पदाहरु नष्ट हुँदैछन्; यो महत्वपूर्ण सार्वजनिक सरोकारको विषय हो; रिट निवेदन मागबमोजिम रिट आदेश जारी हुनु पर्दछ भनी बहस जिकिर गर्नुभयो।

२२. प्रत्यर्थी सरकारी निकायहरूको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री चन्द्रकान्त खनालले पशुपति क्षेत्र ऐतिहासिक तथा पुरातात्विक सम्पदाको क्षेत्र हो; सो क्षेत्रभित्र हुने पुनर्निर्माण तथा प्रवलीकरण जस्ता कार्य प्राविधिक प्रकृतिको भएको र त्यस्तो कार्य सम्बन्धित निकायबाट सम्पादन हुने विषय हो; पुरातात्विक क्षेत्रमा गरिने पुनःनिर्माण तथा मर्मतको विषय प्राविधिक मात्र नभई जटिल प्रकृतिको कार्य पनि हो; त्यस्तो कार्य गर्दा कानुनी प्रकृयाको अवलम्बनका साथसाथै सम्बन्धित क्षेत्रका विज्ञको परामर्श बमोजिम गरिनु पर्ने हुन्छ; विज्ञहरुको राय परामर्श अनुरूप तयार भएको पशुपति क्षेत्रको भू-उपयोग सहितको बृहद गुरु-योजना अनुसार कार्य हुने हुन्; राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका दक्ष आर्किटेक्ट ईन्जिनियरहरु समेतको सहयोग लिई सम्पदाहरुको मौलिकता नमेटिने गरी साविककै स्वरुप र आकृतिमा रहने गरी नाप नक्सा ड्रोइड डिजाइन तयार गरी पुनर्निर्माणको काम भईरहेको भन्ने लिखित जवाफबाट देखिएको छ; रिट आदेश जारी गरिरहनु पर्ने होईन भनी बहस जिकिर गर्नुभयो।

२३. प्रत्यर्थी काठमाडौं महानगरपालिकाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री महेश नेपालले पशुपति क्षेत्रको संरक्षण, संवर्धन, मर्मत तथा पुनर्निर्माणको कुरामा महानगरपालिकाको कुनै भूमिका रहेको छैन; महानगरपालिकाले सरसफाई र फोहोर संकलनको कार्य गरिआएको छ; महानगरबाट फोहोरमैला संकलन गरी डम्पिङ साइटमा पुर्‍याई बिसर्जन गर्ने गरिएको छ; पशुपति क्षेत्रको कोर एरियामा पशुपति क्षेत्र विकास कोष आफैले सरसफाई कार्य गर्ने गर्दछ; महानगरपालिका आवद्ध नभएको विषयमा विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो ।

२४. अब यसमा आराध्यदेव श्री पशुपतिनाथ अवस्थित पाशुपत क्षेत्रमा रहेका प्राचीन ऐतिहासिक स्मारक, सांस्कृतिक सम्पदा, वातावरण संरक्षण तथा पशुपतिनाथको

सम्पत्ति व्यवस्थापनको लागि रिट निवेदकको मागबमोजिम कुनै प्रकारको रिट आदेश जारी गर्नु पर्ने हो वा होइन? भन्ने प्रश्नमा निर्णय दिनु पर्ने देखिन आयो।

२५. निर्णयतर्फ विचार गर्दा, प्रस्तुत बिषयमा सार्वजनिक सरोकारको रिट निवेदन लाग्ने होइन, रिट निवेदकलाई यस बिषयमा दावी गर्ने हकदैया छैन भनी केही प्रत्यर्थीहरुले उठाएको प्रारम्भिक प्रश्नको सर्वप्रथम निरुपण गर्नु आवश्यक देखिन्छ। नेपाली मात्र नभएर समस्त हिन्दू, बौद्ध, शिख, जैन आदि धर्मावलम्वीहरुका लागि आराध्यदेव श्री पशुपतिनाथको विशेष स्थान रहेको छ। यसको ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक महत्व छ। यो राष्ट्रको गौरव र अमूल्य निधि हो। विश्व सम्पदा-सूचीमा परेको पशुपतिनाथसंग जोडिएका स्मारक लगायतका सम्पदाहरुको महत्ता नेपाली भूगोलको सीमाभित्र मात्र सीमित छैन। यो अन्तर्राष्ट्रियस्तरमा नै चासो, सरोकार र आस्थाको केन्द्रको रुपमा रहेको छ। पर्यटकीय, वातावरणीय, सांस्कृतिक आदि दृष्टिले हेर्दा पनि पाशुपत क्षेत्र हाम्रो राष्ट्रिय पहिचानको थलो बनेको देखिन्छ। त्यसैले पनि पाशुपत क्षेत्रको सुव्यवस्था र संरक्षणको विषय सार्वजनिक चासो र सरोकारको विषय बन्नु स्वभाविक छ। रिट निवेदकहरु हिन्दू धर्मप्रति आस्थावान, सार्वजनिक सरोकारका विषयमा क्रियाशील, कानून व्यवसायमा आवद्ध नेपाली नागरिक भएको तथ्यमा विवाद देखिदैन। आफ्नो आस्था र विश्वासको धरोहर आराध्यदेव श्री पशुपतिनाथ मन्दिर क्षेत्रको संरक्षण र सुव्यवस्थाका लागि रिट निवेदकहरुको सार्थक सम्बन्ध र अर्थपूर्ण सरोकार रहनु स्वभाविक छ। त्यसैले निजहरुलाई नेपालको संविधानको धारा १३३(२) बमोजिम प्रस्तुत विषयमा यस अदालतमा रिट निवेदन दायर गर्ने हकदैया रहेको नै देखिन्छ। वस्तुतः "सार्वजनिक सरोकारका विवाद सम्बन्धी अवधारणा" यस्तै प्रकारका विवादलाई न्यायिक प्रक्रियामा प्रवेश गराउन सहज मार्ग उपलब्ध होस भनी विकसित भएको हो। कुनै सामान्य प्राविधिक तर्क अगाडि सारेर सार्वजनिक सरोकारको विवादको दायरा संकुचित पार्ने कुरा मनासिव देखिदैन।

२६. रिट निवेदकले विश्व सम्पदा-सूचीमा समावेश रहेको **"पशुपति क्षेत्रको"**[1] संरक्षणमा चासो र सरोकार व्यक्त गर्दै वातावरणीय विनासप्रति चासो र सरोकार देखाई रिट निवेदन दायर गरेको पाइयो। प्रस्तुत विवादमा मृगस्थली श्लेषमान्तक वन क्षेत्रभित्र सडक निर्माण र समाधिस्थलको रुपमा जंगलको प्रयोग गरिएको भन्ने प्रश्न समेत उठाईएको देखिन्छ। संविधान र कानूनमा रहेका प्रावधान समेतका

---

1 नेपाल राजपत्र भाग ३ खण्ड ४८ संख्या २९ मा प्रकाशित युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको मिति २०५५/७/२३ को सूचनामा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहाय बमोजिमको चार किल्लाभित्रको क्षेत्रलाई पशुपति क्षेत्र संरक्षित स्मारक क्षेत्र घोषणा गरेको देखिन्छः

<u>पूर्वी सिमानाः</u> गुहेश्वरी मन्दिरदेखि अन्दाजी ९८४ फिट पूर्वतर्फ वागमती नदी (उत्तर वाहिनी) को उत्तरी किनारादेखि दक्षिण मृगस्थली शिवपुरी बाबाको आश्रम वरपरको काठमाडौं महानगरपालिका वडा नं. ८ साविकको पशुपति गा.पं. वडा नं. ८ सि.नं. १ को पूरै जङ्गललाई भित्र पारी एयरपोर्टबाट तिलगङ्गा चक्रपथ निस्कने कच्ची मोटर बाटोसम्मको भाग।

<u>पश्चिम सिमानाः</u> काठमाडौं महानगरपालिका वडा नं. ७ साविकको भगवानस्थान गा.पं. वडा नं. ३ को चावहिल जाने चौबाटो (मित्रपार्क चोक) को कि.नं. २५९ देखि पश्चिम चक्रपथ हुँदै दक्षिणतर्फ सोही वडा साविकको पशुपति गा.पं. ३(क) को कि.न. ७८, ७९ र ८० का कित्ताहरूलाई र भण्डारखाल बगैंचाको कि.नं. ९१ लाई समेत भित्र पारी उक्त बगैंचा उत्तर पश्चिमपट्टिको सडकलाई सिमाना कायम गरिएको। भण्डारखाल बगैंचाको दक्षिण पश्चिमतर्फको काठमाडौं महानगरपालिका वडा नं. ८ साविकको भगवानस्थान गा.पं. वडा नं. २ को कि. नं. ११,१२ र १४ लाई भित्र पारी रातोपुलबाट दक्षिण गौशाला चोक सडकसम्मको भाग।

<u>उत्तर सिमानाः</u> काठमाडौं महानगरपालिका वडा नं. ७ साविकको भगवानस्थान गा.पं. वडा नं. ३ को कि.नं. ११ देखि उत्तरतर्फ नक्सामा कायम भएको (मित्रपार्कबाट पूर्वतर्फ गौरीघाट निस्कने) सडक, हेमन्त भैरवदेखि उत्तरतर्फको कच्ची सडकसम्म र गौरीघाट क्षेत्रका स्मारकहरूलाई भित्रपारी वागमती नदी शान्ति तीर्थघाटसम्म। शान्ति तीर्थघाटबाट वागमती नदीका उत्तरी किनाराका काठमाडौं महानगरपालिका वडा नं. ८ साविक पशुपति गा.पं. वडा नं. ८(क) को कि.नं. १८ लाई भित्रपारी वागमती नदीको उत्तरी किनारा हुँदै उत्तर वाहिनी सिमानाको भाग।

<u>दक्षिण सिमानाः</u> पश्चिम सिमानामा उल्लेख गरिएको रातोपुलबाट गौशाला चोकतर्फ काठमाडौं महानगरपालिका वडा नं. ८ साविकको पशुपति गा.पं. वडा नं. २(ख) देखि दक्षिणतर्फको सडकलाई सिमाना मानी गौशाला चक्रपथसम्म र गौशाला चोकदेखि चक्रपथ हुँदै तिलगङ्गा चक्रपथसम्म र सोही ठाउँबाट एयरपोर्ट जाने कच्ची मोटरबाटो समेतको भाग।

सन्दर्भमा आराध्य देव श्री पशुपतिनाथ क्षेत्रको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा तथा वातावरण संरक्षणको परिवेशमा अब विवादित प्रश्नहरुको निरुपण गर्नु पर्ने हुन आएको छ।

२७. आराध्यदेव श्री पशुपतिनाथको प्रसिद्धि र महिमा अपार छ। पशुपतिनाथको उत्पत्ति प्राग-ऐतिहासिक छ भन्ने मानिन्छ। श्रुति, स्मृति, पुराणहरु लगायतका धार्मिक ग्रन्थहरुमा पाशुपत क्षेत्रको महिमा प्रष्ट्याएका छन्। पाशुपत क्षेत्रमा "पशुपतिश्वर" शिवलिङ्ग "शिरोभाग" रुपले रहेको मानिन्छ[2]। पशुपतिनाथको शिवलिङ्गलाई ज्योतिर्लिङ्ग पनि भनिएको छ। पशुपतिनाथ धर्म, अर्थ, काम, मोक्षको आराधनास्थल पनि हो। समस्त हिन्दूहरुको आस्थाको केन्द्र आराध्यदेव श्रीपशुपतिनाथको धार्मिक तथा सांस्कृतिक महत्ता अपरम्पार रहेको छ। पाशुपत क्षेत्रभित्र देवग्राम, देवपतन, देवपट्टन वा देउपाटन आदि पर्दछन्। किराँतेश्वर महादेव, वनकाली, मृगस्थली, श्लेषमान्तक वन, गुह्येश्वरी आदि पाशुपत क्षेत्रकै अभिन्न भाग हुन्। श्री पशुपतिनाथको संरक्षणसंग जोडिएका विषयहरु केवल मन्दिर, प्राङ्गण र परिसर मात्र नभएर समस्त देवपाटन क्षेत्रमा स्थापित मठ, मन्दिर, चैत्य, गुम्बा धर्मशाला, अभिलेख आदि धार्मिक तथा सांस्कृतिक सम्पदा तथा वातावरणीय विषयहरु समेत समाहित रहेका छन्। पाशुपत क्षेत्रका सबै ऐतिहासिक, धार्मिक, सांस्कृतिक, वातावरणीय महत्वका सम्पदाहरुको संरक्षण गर्नु आवश्यक र वाञ्छनीय छ।

२८. पाशुपत क्षेत्रको वर्तमान अवस्था हेर्दा सम्पदा संरक्षणमा समस्याहरु देखिएका छन्। पाशुपत क्षेत्रका मन्दिर, सम्पदा, बाग-बगैंचा, घाट, वन-वाटिका आदिमा विकाश, संरक्षण र व्यवस्थापनको नाममा अव्यवस्थित रुपमा भैरहेको मानव अतिक्रमण, फोहर मैला, ध्वनी तथा वायू प्रदुषण आदि विष्मयकारी देखिन्छन्। कतिपय सम्पदाहरु अज्ञानता वा उदासिनताका कारणबाट संकटमा परेको पाइन्छ। सम्पदा संरक्षणका लागि केही हदमा श्रोत साधनको अभाव पनि होला?

2 "पशुपतिनाथलाई केदारनाथको शीर भाग भन्ने पनि मानिन्छ" भनी शिव पुराणरुप संग्रह १३/१३ को भूमिकामा पंडित खेमराज केशवशरणले उल्लेख गर्नु भएको छ।

तर मानवीय चेतनामा देखा पर्ने गरेको लहडीपनको कारणबाट थप समस्या पैदा हुने गरेको देखिन्छ। पुरानो भएको वा प्राकृतिक प्रकोपको परिणामस्वरुप भत्किए-बिग्रिएका सम्पदाको संरक्षणका नाममा पाशुपत क्षेत्रको मौलिक स्वरुप र संरचनामा विखण्डन र बिनासका क्रम देखा परेका छन्। यस कुराको दृष्टान्तको रुपमा पाशुपत क्षेत्रको विकाश निर्माणको कार्यमा पुरातात्विक, धार्मिक, सांस्कृतिक वा वातावरणीय विज्ञता भन्दा व्यवस्थापन अख्तियारी पाएको भन्ने "पदेन विज्ञता/विद्वता" हावी बन्दै गएको; पशुपतिनाथप्रति आस्था राख्ने बाहेकका व्यक्तिलाई पनि पाशुपत क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी दिइएको; विमानस्थलको लागि भनी पाशुपत क्षेत्रलाई संकुचित पारिएको; विकाश र आवागमन सुविधाका लागि भनी मृगस्थली लगायतका वन-वाटिका नास्ने-मास्ने कार्यक्रम अगाडि सारिएको; अव्यवस्थित रुपमा निर्माण तथा मर्मत कार्यहरु गरिएको; पशुपतिनाथका चल अचल सम्पत्तिको संरक्षण र व्यवस्थापन कार्यमा समस्या र प्रश्नहरु देखा परेको जस्ता कुराहरुलाई लिन सकिन्छ। आज पाशुपत क्षेत्रका मृगस्थली, श्लेषमान्तक बन लगायतका वन-वाटिकाहरु नाङ्गो र उजाड बन्न पुगेका छन्। विगतमा देखिने गरेको यस स्थानको वातावरणीय कान्ति र आभा हराउँदै गएको छ। संरक्षण पक्ष कमजोर, शिथिल बनेको र अविवेकपूर्ण मानव हस्तक्षेप बढेको कुरा प्रष्ट देख्न सकिन्छ। राष्ट्रिय हित संरक्षणका दृष्टले यो निश्चय नै चिन्ता र चासोको बिषय हो।

२९. पाशुपत क्षेत्रको संरक्षण र विकाश सम्बन्धी गुरुयोजनाले[3] मृगस्थली तथा श्लेषमान्तक बनलाई कोर र कन्सोनेन्ट क्षेत्रमा समावेश गरेको देखिन्छ। गुरुयोजना अनुसार यस क्षेत्रको "जंगललाई पूर्णतः सुरक्षित राख्नु पर्ने र कुनै पनि अतिक्रमण हुन नदिने गरी कडाइका साथ अनुगमन गरी प्राकृतिक वातावरण कायम राख्नु पर्ने" अनिवार्यता रहेको देखिन्छ। गुरु योजनामा "मृगस्थलीको श्लेषमान्तक वन क्षेत्रको भू-बनोट अति नाजुक रहेको, यो तीनतर्फबाट साना-

3 पाशुपत क्षेत्रको विकासका लागि तयार गरिएको गुरु-योजना हाल "Phase-out" भैसकेको र अर्को गुरु-योजना तयार भैनसकेको भन्ने विवादका पक्षहरुको भनाई रहेको छ।

ठूला गरी बीस भन्दा बढी सक्रिय भू-स्खलनको समस्याले ग्रसित रहेको, यस क्षेत्रको पश्चिम-दक्षिणतर्फको भिरालो भागमा लाश गाड्ने प्रचलन रहेको, हाल सो क्षेत्रमा सिमेन्ट, कंक्रिट जस्ता वस्तु प्रयोग गरी पुरातात्विक मर्यादा प्रतिकूल स्मारक बनाउने होड चलेको, लाश गाड्ने समुदायको बढ्दो दवाव र क्षेत्रगत सीमितता रहेको, पुरातात्विक वस्तुको महत्व प्रतिकूल स्थायी स्मारक बनाउने प्रवृत्तिले श्लेषमान्तक वन चिहानै चिहानले भरिने र प्राकृतिक वातावरणमा पूर्णतः नकारात्मक असर पर्ने भएको" कुरा समेत उल्लेख गरिएको देखिन्छ। अधिवक्ता तुलसी सिंखडाले दायर गर्नु भएको रिट निवेदनका सन्दर्भमा यस अदालतबाट भएको आदेश (फैसला) बाट पनि "तिलगंगा चोकदेखि गोठाटार (ताम्रगंगा) सम्म पशुपतिक्षेत्रको श्लेषमान्तक बनको बीचबाट करिव ६७५ मिटर लम्वाई र ७ मिटर चौडाई भएको कच्ची मोटर बाटो रहेको, सो बाटो २०६४ सालमा खोलिएको, सो बाटोबाट यातायातका साधनहरु आवतजावत गर्ने गरेको, उक्त क्षेत्रमा रहेको जंगल नष्ट हुँदै गएको, भू-क्षय भएको, फोहर फाल्ने ठाउँको रुपमा परिणत हुँदै गएको, मानव चिहानहरु अव्यवस्थित रुपमा खनिएको, मरेका जीवजन्तु फालिएको, दुर्गन्ध फैलिएको भन्ने अवस्था समेत उल्लेख गरिएको देखिन्छ[4]। तर त्यस प्रकारका प्रवृत्तिहरुमा नियन्त्रण गर्ने कुरामा सम्बन्धित निकायले वाञ्छित चासो र सम्वेदनशीलता अपनाएको देखिँदैन। यसलाई शोभनीय कुरा मान्न सकिँदैन।

३०. तिलगंगा-ताम्रगंगा हुँदै गोठाटारको बाटो पाशुपत क्षेत्रभित्रको चारकिल्ला तोकिएको भू-भागबाट लगिएको तथ्यलाई पशुपतिक्षेत्र विकास कोषले पेश गरेको लिखित जवाफमा समेत स्वीकार गरेको पाइयो। सो बाटो बन्द गर्ने प्रक्रियामा रहेको भन्ने समेत उल्लेख गरेको देखिन्छ। पाशुपत क्षेत्रभित्र रहेको श्लेषमान्तक वन क्षेत्रमा कंक्रिटयुक्त बाटो बनाईएको भनी रिट निवेदकले उठाएको प्रश्न सम्बन्धमा प्रत्यर्थीहरुले कुनै युक्तियुक्त जवाफ खुलाउन सकेको देखिँदैन। बाटो

4 अधिवक्ता तुलसी सिंखडा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, ०७२-WO-०१४० को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनका सन्दर्भमा यस अदालतबाट मिति २०७३/९/६ गते भएको निर्णय।

निर्माण र ठुला सवारी साधन सञ्चालन गरिएको कारणबाट भू-क्षयको अवस्था समेत पैदा भएको देखिन्छ। सम्पदा क्षेत्रमा बाटो खोल्ने र सडकमा ठूला सवारी साधनहरु गुडाउने गरिएको कारणबाट मृगस्थली र आसपासका वन्यजन्तु तथा पशुपंछि विस्थापित हुने अवस्थामा पुगेको र वन सम्पदा विनासको अवस्थामा रहेको देखियो। यसबाट वातावरणीय क्षतीको पनि स्वभाविक रुपमा आँकलन गर्न सकिन्छ।

३१. युनेस्कोले सन् १९७९ मा घोषणा गरेको काठमाडौं उपत्यकाभित्रका ७ वटा विश्व-सम्पदा मध्ये पशुपतिनाथ पनि एउटा महत्वपूर्ण सम्पदा हो। विश्व-सम्पदाको रुपमा सूचीकृत भएकाले पाशुपत क्षेत्रमा हुने गतिविधिप्रति युनेस्कोले चासो र सरोकार राख्नु स्वभाविक देखिन्छ। पाशुपत क्षेत्रभित्र पर्नेगरी बाटो निर्माण गर्ने विषयलाई लिएर युनेस्को सम्बद्ध टोलीले अध्ययन गरेको र "Abandon the project to construct a tunnel road in its current alignment and current form because of its significant negative impacts on the (property of) outstanding universal value, authenticity and integrity of the world heritage property" भनी आफ्नो दृष्टिकोण समेत प्रस्तुत गरेको देखिन्छ। तरपनि पाशुपत क्षेत्रको अखण्डता (Integrity) र आधिकारिकता (Authenticity) कायम राख्ने कुरामा अपेक्षित उपलब्धी हासिल हुन सकेको पाइएन। पाशुपत क्षेत्रमा सडक निर्माण गर्नुपूर्व वातावरण संरक्षण ऐन, २०५३ बमोजिमका प्रक्रियाहरु पूरा गरी वातावरणीय प्रभाव मूल्याङ्कन गरेको भन्ने पनि देखिएन। यसबाट सन् १९७२ को संयुक्त राष्ट्रसंघीय प्राकृतिक तथा सांस्कृतिक सम्पदा सम्बन्धी महासन्धी[5] र प्राचीन स्मारक संरक्षण ऐन, २०१३ तथा वातावरण संरक्षण ऐन, २०५३ मा रहेका प्रावधानहरुको समुचित रुपमा अनुशरण गरी कार्य गरेको रहेछ भनी मान्न सकिने स्थिति देखिन आएन।

३२. यस विवादको सन्दर्भमा प्रस्तुत हुन आएका तथ्य विवरणहरुबाट पाशुपत क्षेत्रको स्मारकहरु तथा पुरातात्विक वस्तुहरुको संरक्षण कार्यमा पुरातत्व विभागको कुनै

5 Convention Concerning the Protection of the World Cultural and Natural Heritage, The General Conference of UNESCO adopted on 16 November 1972.

उल्लेखनीय र जवाफदेहितापूर्ण भूमिका रहेको भन्ने देखिन आएन[6]। पाशुपत क्षेत्रको संरक्षण, व्यवस्थापन र विकासका लागि भनी "पशुपति क्षेत्र विकास कोष ऐन, २०४४" जारी भएपछि संरक्षण गर्ने जिम्मेवारीमा केही फरक व्यवस्थापन दृष्टिकोण अपनाइएको देखिन्छ। तथापी, पुरातात्विक विषयमा राज्यको तर्फबाट दायित्व र भूमिका निर्वाह गर्ने विज्ञहरुको उपस्थिति रहेको पुरातत्व विभागको भूमिका पाशुपत क्षेत्रको संरक्षणमा नरहने भन्ने होइन। पाशुपत क्षेत्रको पुरातात्विक वस्तुहरु तथा स्मारकहरुको संरक्षणको कुरामा पुरातत्व विभाग र पशुपति क्षेत्र विकास कोषका बीच समन्वयकारी र सहयोगात्मक भूमिकाको स्वभाविक अपेक्षा रहन्छ। संस्थागत स्वायत्तता प्रदान गर्ने छुट्टै कानून बनेको छ भन्ने आधारमा नै पुरातत्व विभाग र सो सम्बध्द विशेषज्ञबाट विज्ञतापूर्ण दक्ष सेवा प्राप्त गर्नु पर्दैन भन्ने होइन। पाशुपत क्षेत्रको पुरातात्विक वस्तुहरु तथा स्मारकहरुको संरक्षणको कुरामा पुरातत्व विभागको समेत जवाफदेहिता रहन्छ। पशुपतिक्षेत्र बिकास कोष तथा पुरातत्व विभाग दुवैले कुनै प्राविधिक कारण देखाएर संरक्षण कार्यबाट पन्छिन, अन्देखा गर्न वा यसलाई महत्वहीन ठान्न मिल्ने देखिंदैन।

३३. नेपालको संविधानमा रहेका प्रावधानका सन्दर्भमा पनि पाशुपत क्षेत्रको संरक्षण सम्बन्धी बिषयलाई हेर्नु आवश्यक छ। नेपालको संविधानको धारा २६(२) ले **"प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक"** प्रदान गरेको छ। पाशुपत क्षेत्र धार्मिक स्थल हो, पशुपतिनाथ सम्बद्द गुठी धार्मिक प्रकृतिका गुठी हुन्। यस अर्थमा हेर्दा धार्मिक सम्प्रदायमा पाशुपत क्षेत्रको संरक्षण र संचालन गर्ने हक रहेको देखिन्छ। संविधानको धारा ३२(३) ले **"नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक"** प्रदान गरेको छ। पाशुपत क्षेत्र धर्म, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको क्षेत्र

6 प्रस्तुत विवादको सन्दर्भमा रिट निवेदकले प्रत्यर्थीको रुपमा उल्लेख गरेको पुरातत्व विभागले लिखित जवाफसम्म पनि पेश नगरी पाशुपत क्षेत्र सम्बन्धी विषयमा निरपेक्ष उदासिनता देखाएको समेत पाइयो।

हो। यसको संरक्षण र संबर्धन गर्ने कुरा राज्यद्वारा खडा गरिएका कुनै निकायको एकाधिकार वा स्वेच्छाचारी विशेषाधिकार बन्न सक्तैन। पशुपतिक्षेत्र विकाश कोष जस्ता संस्थाहरु पाशुपत क्षेत्रका पुरातात्विक सम्पदाहरुको मालिक नभएर संरक्षण र कुशल व्यवस्थापन प्रयोजनका लागि खडा गरिएका न्यासधारी (Trustee) संस्था हुन्। पाशुपत क्षेत्र आम नेपालीहरु लगायत समस्त धर्मानुरागी र संस्कृति-प्रेमी मानव जातीको साझा धरोहर हो। यसको संरक्षण कार्यमा पनि त्यसै प्रकारको उदात्त चाहना र भावना मुखरित हुनु पर्दछ।

३४. नेपालको संविधानको धारा ३० मा "स्वच्छ वातावरणको हक" सम्बन्धी व्यवस्था रहेको छ। धारा ५१(ग) मा **"ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संबर्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने; देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने"** नीति राज्यले अख्तियार गर्ने कुरा उल्लेख छ। उपरोक्त उल्लिखित प्रावधानहरुको सन्दर्भमा हेर्दा पाशुपत क्षेत्रमा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण संबर्धनको विषय राज्यको स्वविवेकीय तजविजको कुरा मात्र नभएर नागरिकको हक अधिकार तथा सरोकारको बिषय पनि हो भन्ने देखिन्छ। वातावरणीय विनास र असन्तुलन कुनै स्थानमा पनि हुन हुँदैन। पाशुपत क्षेत्रको वातावरण संरक्षण र प्रबर्धन गर्नु अझबढी महत्वपूर्ण र संवेदनशील विषय देखिन्छ। पाशुपत क्षेत्रको वातावरणीय विनास गर्ने छुट, कुनैपनि बहानामा, कोही कसैलाई पनि हुन सक्तैन। संविधानको धारा ४८(घ) मा **"सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु"** नागरिकको कर्तव्य हुने भनी तोकिएको छ। पाशुपत क्षेत्रका सम्पदाहरु राष्ट्रको अमूल्य निधि तथा सार्वजनिक सम्पत्ति हुन्। यस प्रकारको सम्पदाको संरक्षण गर्ने नागरिक कर्तव्यको पालना गर्ने कुरामा अनुकूलता अभिवृद्धि गर्न राज्यका प्रयासहरु पनि परिलक्षित हुनु पर्दछ। त्यसैले, संविधानमा रहेका प्रावधानका दृष्टिले हेर्दा पाशुपत क्षेत्रमा रहेका सांस्कृतिक सम्पदाको नोक्सानी हुन नदिने व्यवस्था मिलाउन, सम्पदाको उचित संरक्षण गर्न तथा वातावरणीय हानी-नोक्सानी हुन नदिने

व्यवस्थाका लागि नागरिकहरुले पनि राज्यको ध्यानाकर्षण गराउने र संरक्षणका आवश्यक उपायहरु अपनाउने प्रयास गर्नु बाञ्छनीय हुन आउँदछ।

३५. "प्राचीन स्मारकहरुको संरक्षण, पुरातात्विक वस्तुहरुको व्यापार र प्राचीन स्मारकहरु भएको ठाउँको खनाई समेतमा नियन्त्रण राखी प्राचीन स्मारकहरु र पुरातत्व सम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरुको उपलब्धी र संरक्षण समेत गरी शान्ति र व्यवस्था कायम राख्न" जारी भएको प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले **"प्राचीन स्मारक"** तथा **"पुरातात्विक वस्तु"**को परिभाषा गरेको छ। यस ऐनले प्राचीन स्मारकलाई "सार्वजनिक प्राचीन स्मारक" र "निजी प्राचीन स्मारक" गरी दुई किसिमले वर्गीकरण गरिने व्यवस्था गरेको छ। उक्त ऐनले गरेको व्यवस्था अनुसार "सार्वजनिक प्राचीन स्मारक"को परिभाषाभित्र पाशुपत क्षेत्रका "प्राचीन स्मारक" तथा "पुरातात्विक वस्तुहरु" समेत पर्दछन्। यस प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिले महत्वपूर्ण मानिएका प्राचीन स्मारक स्थल तथा पुरातात्विक स्थलहरुको संरक्षण गर्ने कानूनी जिम्मेवारी कानूनले पुरातत्व विभागलाई तोकेको देखिन्छ। कुनै प्राचीन स्मारकलाई नष्ट गरेमा, भत्काएमा, हटाएमा, परिवर्तन गरेमा, विरुप पारेमा वा चोरी गरेमा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा १२ ले सजाय हुने व्यवस्था गरी यसलाई दण्डनीय समेत तुल्याइएको छ। यस अवस्थामा पशुपति क्षेत्रका प्राचीन स्मारक, पुरातात्विक वस्तुहरु आदिको स्वभाविक र प्राकृतिक स्वरुपमा हानी-नोक्सानी पर्ने गरी संस्थागत व्यवस्थापनको आडमा कुनै कार्य गर्नु शोभनीय मानिन सक्तैन। यस प्रकारका प्राचीन स्मारक र पुरातात्विक वस्तुहरुको संरक्षण गर्ने जिम्मेवारी पुरातत्व विभागमा समेत रहेकै देखिन्छ।

३६. Convention Concerning the Protection of the World Cultural and Natural Heritage, 1972 को धारा ४ तथा ५ मा "National Protection and International Protection of the Cultural and Natural Heritage" सम्बन्धी व्यवस्था रहेको छ। उल्लिखित व्यवस्थाले महासन्धीका पक्ष राष्ट्रहरुमा सांस्कृतिक सम्पदाको सुरक्षा, संरक्षण, पुस्तान्तरणको लागि आवश्यक प्रवन्ध मिलाउनु पर्ने दायित्व निर्धारण

गरेको छ[7]। यसरी संरक्षण गर्ने दायित्व महासन्धीका सम्बन्धित पक्ष राष्ट्रका अतिरिक्त अन्तर्राष्ट्रिय समुदायमा पनि रहेको कुरा धारा ६ मा उल्लेख गरिएको छ[8]। सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको संरक्षणका लागि "Intergovernmental Committee" निर्माण गर्ने[9], कोष खडा गर्ने[10] लगायतका विविध प्रावधानहरु समेत महासन्धीमा रहेका छन्। महासन्धीको पक्ष राष्ट्र भएको सन्दर्भमा समेत विश्व सम्पदा-सूचीमा समावेश भएको पशुपतिनाथ क्षेत्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्नु नेपालको दायित्व वा जिम्मेवारीको विषय बनेको देखिन्छ।

---

7 Article 4: Each State Party to this Convention recognizes that the duty of ensuring the identification, protection, conservation, presentation and transmission to future generations of the cultural and natural heritage referred to in Articles 1 and 2 and situated on its territory, belongs primarily to that State. It will do all it can to this end, to the utmost of its own resources and, where appropriate, with any international assistance and co-operation, in particular, financial, artistic, scientific and technical, which it may be able to obtain.

Article 5: To ensure that effective and active measures are taken for the protection, conservation and presentation of the cultural and natural heritage situated on its territory, each State Party to this Convention shall endeavor, in so far as possible, and as appropriate for each country:

1. to adopt a general policy which aims to give the cultural and natural heritage a function in the life of the community and to integrate the protection of that heritage into comprehensive planning programmes;
2. to set up within its territories, where such services do not exist, one or more services for the protection, conservation and presentation of the cultural and natural heritage with an appropriate staff and possessing the means to discharge their functions;
3. to develop scientific and technical studies and research and to work out such operating methods as will make the State capable of counteracting the dangers that threaten its cultural or natural heritage;
4. to take the appropriate legal, scientific, technical, administrative and financial measures necessary for the identification, protection, conservation, presentation and rehabilitation of this heritage; and
5. to foster the establishment or development of national or regional centres for training in the protection, conservation and presentation of the cultural and natural heritage and to encourage scientific research in this field.

8 Article 6: 1. Whilst fully respecting the sovereignty of the States on whose territory the cultural and natural heritage mentioned in Articles 1 and 2 is situated, and without prejudice to property right provided by national legislation, the States Parties to this Convention recognize that such heritage constitutes a world heritage for whose protection it is the duty of the international community as a whole to co-operate.

9 Convention Concerning the Protection of the World Cultural and Natural Heritage, 1972 Article 8

10 Convention Concerning the Protection of the World Cultural and Natural Heritage, 1972 Article 15

३७. यस प्रसंगमा पाशुपत क्षेत्रको संरक्षणका लागि विगतमा यस अदालतबाट जारी गरिएको आदेशको व्यहोरा समेत उल्लेख गर्नु आवश्यक देखिन्छ। अधिवक्ता तुलसी सिंखडाले दायर गर्नु भएको रिट निवेदनका सन्दर्भमा यस अदालतबाट खटिएको टोलीले स्थलगत निरीक्षण गरी पेश गरेको प्रतिवेदनमा ट्र्याक खोलिएको क्षेत्रमा हाल पनि यातायातका साधनहरु चलिरहेको भन्ने पाईंदा तिलगंगा, ताम्रगंगा सडकको दुवै मुखमा टेवा पर्खाल निर्माण लगायत जे जो उपयुक्त हुन्छ त्यस्तो प्रबन्ध गरी आवश्यक छेकवार गर्नू, साथै श्लेषमान्तक वनमा लाश गाड्ने विषयमा पशुपति क्षेत्र विकास कोषको मिति २०६७/९/१४ को निर्णय तुरुन्त कार्यान्वयन गर्नु गराउनु भनी परमादेश जारी भएको देखिन्छ[11]। यसका अतिरिक्त, उल्लिखित विवादका सन्दर्भमा यस अदालतबाट देहाय बमोजिमको कार्यहरु गर्नु भनी निर्देशनात्मक आदेश समेत जारी गरिएको पाइयो:

क. मृगस्थली श्लेषमान्तक वन क्षेत्रमा भू-स्खलनलाई रोक्न र हाल मोटरबाटो खोलिएको क्षेत्र र सो पूर्व र पश्चिमको भागलाई पूर्ववत स्वरुपमा फर्काउन आवश्यक ठाउँमा माटो भर्ने, टेवा पर्खाल लगाउने, वृक्षारोपण गर्ने र बनाईएका कंक्रिटका संरचना भत्काउने कार्य समेत गरी वातावरण विनासलाई रोकी वन सम्पदालाई पूर्व अवस्थामा फर्काउनु;

ख. मृगस्थली श्लेषमान्तक वन क्षेत्रका ऐतिहासिक कुण्डहरुलाई पुनर्जीवित र पुनःस्थापित गर्नु;

ग. मृगस्थली श्लेषमान्तक क्षेत्रमा तीर्थालुहरु विशेष रुपमा जम्मा हुने बालाचतुर्दशी, शिवरात्री जस्ता पर्वहरुमा तीर्थालुहरुलाई हिड्न सजिलो हुने र अन्य अवस्थामा समेत जङ्गलभित्र पैदल यात्रा र विचरणको लागि सहज हुने गरी पैदल मार्ग निर्माण र सुधार गर्नु;

घ. मृगस्थली क्षेत्रमा पुरातात्विक महत्वका संरचनाहरुलाई ऐतिहासिकता र वर्तमान उपयोगको दृष्टिबाट आवश्यक रहेकोमा पुनःनिर्माण, जिर्णोद्धार गर्ने बाहेक गुरु-

---

11 अधिवक्ता तुलसी सिंखडा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, ०७२-WO-०१४० को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनका सन्दर्भमा यस अदालतबाट मिति २०७३/९/६ गते भएको निर्णय।

योजनाको उद्देश्य र मर्म विपरित नयाँ स्थायी संरचनाहरु निर्माण नगर्नु र खुला क्षेत्र तथा जंगल क्षेत्रलाई यथावत कायम राख्नू। नयाँ निर्माणहरु गर्नु पर्दा हालको कोर क्षेत्र र कन्सोन्यान्ट क्षेत्र भन्दा बाहिरका गुठी जग्गाहरुमा योजना बनाई निर्माण कार्य गर्नू;

ङ. मृगस्थली र श्लेषमान्तक वनको समस्त क्षेत्रको सूरक्षा र सफाईको लागि व्यवस्था गर्नू;

च. काठमाडौं उपत्यकाको बढ्दो जनसंख्या र जनघनत्व समेतलाई दृष्टिगत गर्दा मृगस्थली श्लेषमान्तक वनमा लास गाड्ने कार्य बन्द गर्नूपर्ने भएबाट र सो बन्द गर्न माथि परमादेशको आदेश जारी गरिएको हुँदा सम्बद्ध संप्रदायको धार्मिक भावनामा चोट नपुग्ने गरी बैकल्पिक स्थानको व्यवस्था गर्नू;

छ. युनेस्कोको विशेषज्ञ टोलीले सीमाङ्कन हुन बाँकी रहेको क्षेत्र भनी औंल्याएको क्षेत्रमा स्पष्ट देखिने गरी सीमाङ्कन गर्नू;

ज. पाशुपत क्षेत्रको एकीकृत रुपमा संरक्षण र बिकासको लागि गुठी जग्गा बाग बगैंचा लगायतका सम्पदाहरुको समेत उचित व्यवस्थापन गर्न गुरु-योजनाको कार्यक्षेत्र विस्तार र परिमार्जन गरी देवपाटन क्षेत्र र अन्यत्र रहेका अचल सम्पत्तिहरुको दिगो व्यवस्थापन र विकास गर्नू;

झ. समस्त पशुपति क्षेत्रलाई विश्वभरका दर्शनार्थी भक्तजनहरुको पावन तीर्थस्थल एवं धार्मिक पर्यटन केन्द्रको रुपमा विकास गर्नेतर्फ योजनावद्ध रुपमा कार्य गर्नू;

ञ. सोको लागि आवश्यक वजेट र प्राविधिक सहयोग सरकारबाट कोषलाई उपलब्ध गराउनु"।

३८. उपरोक्त अनुसार यस अदालतबाट २०७३ सालमा जारी गरिएको आदेशको जवाफदेहितापूर्ण र प्रभावकारी कार्यान्वयन गरिएको अवस्था हुन्थ्यो भने अहिलेसम्म पाशुपत क्षेत्रमा गुणात्मक सुधारको स्थिति देखिने थियो। तर त्यसो हुन सकेको देखिएन। आदेश जारी भएको अहिले करिब सात वर्ष व्यतित हुँदासम्म पनि कुनै खास उल्लेखनीय कार्य भए गरेको देखिन आएन। अदालतबाट जारी गरिएको आदेशको पालना हुनु नै पर्दछ। नेपालको संविधानले अदालतको आदेश बमोजिम कार्य नगर्ने छुट कोही कसैलाई पनि प्रदान गरेको छैन। राज्यका जिम्मेवार निकायहरु र पदाधिकारीहरुको उदासिनता वा अकर्मन्यताको कारणबाट पाशुपत क्षेत्रमा अव्यवस्था कायम रहनु आपत्तिजनक

कुरा हो। यसरी यस अदालतबाट जारी भएको आदेशको कार्यान्वयनका दृष्टिले हेर्दा पनि पाशुपत क्षेत्रको संरक्षण र कुशल व्यवस्थापनका लागि थप संवेदनशीलता, तदारुखता तथा सकृयता अपनाउनु वाञ्छनीय देखिन आयो।

३९. अतः नेपालको संविधान तथा प्रचलित कानून बमोजिम पाशुपत क्षेत्रका पुरातात्विक महत्वका स्मारक, सम्पदा, बन-बुटेन, जीवजन्तु, चराचुरुङ्गी, समग्र वातावरणको संरक्षण गर्नु वाञ्छनीय रहेको; यो क्षेत्र धार्मिक, ऐतिहासिक, सांस्कृतिक, तथा पर्यटकीय हरेक दृष्टिले महत्वपूर्ण रहेको; तर संरक्षण कार्यमा प्रत्यर्थी निकायहरुको उदासिनता र अकर्मण्यता देखा परेको हुँदा देहायको बिषयमा देहाय बमोजिम गर्नु, गराउनु भनी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम प्रत्यर्थीहरुका नाममा यो रिट आदेश जारी गरिएको छः

क. पाशुपत क्षेत्रभित्र रहेको वनकाली, मृगस्थली, श्लेषमान्तक वन क्षेत्रभित्र पर्नेगरी तिलगंगा-गोठाटार (ताम्रगंगा) जाने भनिएको बाटो लगायत पाशुपत क्षेत्रभित्रको अन्य स्थानमा समेत ईन्जिनबाट चल्ने कुनै पनि प्रकारको सवारी साधन संचालन हुन सक्ने गरी बाटो निर्माण नगर्नु; उल्लिखित स्थानमा बनाईसकेको (खोलिसकिएको) मोटर-बाटो तत्काल बन्द गर्नु; र अब उप्रान्त सो स्थानमा ईन्जिनबाट चल्ने कुनैपनि प्रकारका यातायातका साधन संचालन हुन नदिनु, नदिलाउनु भनी सबै प्रत्यर्थीहरुका नाममा प्रतिषेधमिश्रित परमादेश जारी हुने ठहर्छ।

ख. पाशुपत क्षेत्रभित्र रहेको वनकाली, मृगस्थली, श्लेषमान्तक वन क्षेत्रभित्र श्रद्धालु तीर्थयात्री वा पर्यटकहरुको आवत-जावतका लागि ट्र्याक ("पैदल-मार्ग") निर्माण गर्नू; यसरी बनाइएको पैदल-मार्गमा हिड्न बाहेक वन बाटिका क्षेत्रभित्र यात्रुजनको प्रवेश हुन नपाउने गरी घेरबेरको व्यवस्था मिलाउनू भनी प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुने ठहर्छ।

ग. पाशुपत क्षेत्रभित्र रहेको वनकाली, मृगस्थली, श्लेषमान्तक वन लगायतका स्थानमा खाली रहेको, वन नासिए-मासिएको स्थानमा सघन रुपमा बृक्षारोपण गरी

हरियाली कायम राख्नु; उल्लिखित क्षेत्रमा रहेका रुख विरुवा काट्न, मास्न नदिनु, वनक्षेत्रको पूर्ण संरक्षण गर्नु गराउनु भनी सवै प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुने ठहर्छ।

घ. लाश गाड्ने वैकल्पिक उपयुक्त स्थानको पहिचान गरी यो आदेशको जानकारी पाएका मितिले बढीमा एक बर्षभित्र लाश गाड्ने सम्बन्धी स्थान सुनिश्चित र Re-locate गर्नू; उल्लिखित एक बर्ष पछिदेखि श्लेषमान्तक वनक्षेत्रमा लाश गाड्न, फाल्न नपाउने व्यवस्था मिलाउनू; पाशुपत क्षेत्रभित्र कुनैपनि प्रकारको फोहोरमैला जम्मा हुन नदिई तत्काल सफाई गर्ने भरपर्दो व्यवस्था मिलाउनु भनी प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुने ठहर्छ।

ङ. मृगस्थली, श्लेषमान्तक वन क्षेत्रमा भू-स्खलनलाई रोक्न आवश्यक भू-संरक्षणको व्यवस्था तत्काल मिलाउनु भनी प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुने ठहर्छ।

च. पाशुपत क्षेत्रभित्र रहेका कुनै भौतिक संरचनाको मर्मत सुधार गर्दा वा पुनःनिर्माण गर्दा यसको मौलिक स्वरुप कायम रहने र प्राचीन सम्पदाको अधिकतम् संरक्षण हुने अवस्था सुनिश्चित गर्नू; यसरी पाशुपत क्षेत्रभित्र रहेका भौतिक संरचनाको मर्मत, सुधार वा नयाँ निर्माण गर्दा पुरातत्व विभागको औपचारिक/लिखित राय/परामर्श वा सहमति लिएर मात्र निर्माण, सुधारको कार्य गर्ने गर्नु भनी प्रत्यर्थी मध्येको पशुपति क्षेत्र विकास कोष र पुरातत्व विभागका नाममा परमादेश जारी हुने ठहर्छ।

छ. पाशुपत क्षेत्रको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक र पर्यावरणीय मौलिकता नासिने मासिने गरी भौतिक संरचना निर्माण नगर्नु, नगराउनु; सतविज छर्ने लगायतका बिषयमा परम्परादेखी चली आएको संस्कारमा प्रतिकूल असर पर्ने गरी जमिनमा कंक्रिट ढलान गर्ने जस्ता कार्य नगर्नु नगराउनू; प्राकृतिक स्वरुप र सम्पदाको पुनर्थापना र संरक्षण गर्नु गराउनु भनी प्रत्यर्थीहरुका नाममा प्रतिषेधमिश्रित परमादेश जारी हुने ठहर्छ।

ज. आराध्यदेव भगवान श्री पशुपतिनाथको सम्पत्ति, गुठी जग्गा, अन्य आम्दानी र खर्चको हर-हिसाव, स्रेस्ता दुरुस्त र पारदर्शी रुपमा कायम राखू र ती सम्पत्तिको

सुरक्षा र संरक्षणका लागि उचित व्यवस्थापन मिलाउनु भनी प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू:

<u>तपसिलः</u>

(१) यो आदेश कार्यान्वयनको स्थिति सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नू र आदेशवमोजिम कुनै कार्य गरेको नदेखिएमा को कसको जिम्मेवारी भित्रको कुन कार्य नगरिएको हो? विवरण खुलाई यस अदालतको आदेशको पालना नगरेको भनी सम्बन्धित पदाधिकारी उपर यही मिसिलबाट कानूनबमोजिम कारवाही गर्नु पर्ने अवस्था समेत खुलाई आवधिक रुपमा प्रतिवेदन पेश गर्न यस अदालत मातहत रहेको फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशकलाई यसै आदेशद्वारा निर्देशित गरिएको छ। आदेशको जानकारी निज महानिर्देशकलाई पठाई दिनू।

(२)प्रस्तुत आदेश (फैसला) कार्यान्वयन गर्न प्रत्यर्थीहरुलाई जानकारी दिनु भनी यो आदेशको प्रतिलिपी साथै राखी महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई दिनू।

(३)फैसला यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी, दायरीको लगत कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(ईश्वर प्रसाद खतिवडा)
न्यायाधीश

उक्त रायमा म सहमत छु:

(नहकुल सुवेदी)
न्यायाधीश

इजलास अधिकृतः- शम्भु प्रसाद रेग्मी
कम्प्युटर टाइप गर्नेः राधिका घोरासाइने

इति सम्वत् २०८० साल माघ महिना ७ गते रोज ५ शुभम् -------------- ।